# नेपाल गजेट

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, पौष १२ गते २०१७ साल**

श्री ५ को सरकार

### अर्थ सचिवालय

श्री ५ बाट बनाइबक्सेको तल लेखिए बमोजिमको महालेखा परीक्षकको पारिश्रमिक सेवाको शर्त तथा पदावधि नियम २०१७ सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

महालेखा परीक्षकको पारिश्रमिक र सेवाका शर्त तथा पदावधि व्यवस्थित गर्नु परेकोले,

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधानकोधारा ६१ को उपधारा (२) बमोजिम यी नियमहरू बनाइबक्सेको छ :–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम महालेखा परीक्षकको पारिश्रमिक सेवाका शर्त तथा पदावधि नियम, २०१७ रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन् ।

२. पारिश्रमिकः– महालेखा परीक्षकलाई २०१६ साल आषाढ १५ गतेदेखि प्रारम्भ प्रतिमास नेपाली रुपैयाँ १५००। पन्ध्रसय दरले पारिश्रमिक दिइने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर सो पदमा नियुक्ति भएको व्यक्तिले कुनै सरकारी सेवा गरे बापत कुनै पेन्सन पाइराखेको भए निज महालेखा परीक्षकमा बहाल रहेसम्म त्यस्तो पेन्सन पाउने छैन

३. **भ्रमण तथा दैनिक भत्ता:–** महालेखा परीक्षक आफ्नो अफिसको कार्य सञ्चालनको सिलसिलामा नपाल अधिराज्य भित्र भ्रमण गर्दा निम्न लिखित दरले भत्ता दिइने छ।

(क) भ्रमण खर्च :– हवाई मार्ग, रेल तथा बस सर्भिसबाट भ्रमण गर्दा १॥ डेढ जनालाई लाग्ने पहिला दर्जाको टिकट खर्च र अरू सवारीबाट भ्रमण गर्दा लाग्ने ज्याला भाडा।

(ख) दैनिक भत्ता:– आफ्नो १ एक दिनको तलबको आधा ने. रू. मा दिइने छ।

४. **पेन्सन उपदान:–** (१) सरकारी सेवाबाट प्राप्त हुने पेन्सन उपदान माथि महालेखा परीक्षकले महालेखा परीक्षकको पदमा पूरा सेवा गरेको प्रतिवर्ष ने. रू. ६०० छसय का दरले पेन्सन पाउने छ।

तर वार्षिक पेन्सन कूल मिलाएर ने. रू. ६००० छ हजारभन्दा बढता हुने छैन।

(२) महालेखा परीक्षकको पदावधि बांकी छँदै अथवा पेन्सन पाउन थालेको ५ वर्ष नपुग्दै मृत्यु भएमा परिवारलाई उपनियम १ मा लेखिएको पेन्सन प्राप्त हुनेछ।

तर पेन्सनको हकमा त्यस्तो पेन्सन ५ वर्षभन्दा बढी समयसम्म प्राप्त हुने छैन। तथा पेन्सन पाउन थालेका ५ वर्ष नपुग्दै मृत्यु भएको महालेखा परीक्षकको परिवारलाई उक्त ५ वर्ष पुगे पछि पेन्सन प्राप्त हुनेछैन।

५. **पदावधि:–** महालेखा परीक्षकको पदावधि बहाल गरेको मितिदेखि ६ वर्ष को हुनेछ

तर श्री ५ को समक्ष लिखित समावेदन पेश गरी स्वीकृति भएमा राजीनामा गर्न सक्नेछ।

६. **बिदा:–** (१) महालेखा परीक्षकले निम्न प्रकारका बिदाहरू पाउन सक्ने छ:–

(क) भइपरी आउने क्याजुयल बिदा।

(ख) घर बिदा र

(ग) बिरामी बिदा।

(घ) विशेष बिदा।

(२) महालेखा परीक्षकले प्रत्येक वर्ष १५ दिनमा नबढाई भइपरी आउने बिदा लिन पाउनेछ। सो बिदा सांचिएको सालको अर्को सालमा लिन पाउने छैन। सो बिदा लिई बसेको महालेखा परीक्षकले पूरा तलब पाउने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) महालेखा परीक्षकले काम गरेको अवधिको एघार दिनको निमित्त एक दिनको दरले बिदा पाउन सक्नेछ घर बिदा बढीमा १२० दिनसम्म जम्मा गरी राख्न सकिन्छ । घर बिदा बसेको महालेखा परीक्षकले पूरा तलब पाउने छ । साधारणतः महालेखा परीक्षकलाई आखिरी घरबिदा लिएको समयदेखि ४ महीना नगुज्री अर्को घर बिदा दिइने छैन । घरबिदा दिने मा काम गरेको अवधिहिसाब गर्दा भइपरी आउने बिदा बसेको दिन र सार्वजनिक बिदाको दिन समेत काम गरेको दिनमा जोडिने छ ।

(४) महालेखा परीक्षकले साल एकमा १५ दिनसम्म साधारण बिरामी बिदा पाउन सक्नेछ । यस्तो बिरामी बिदा बस्नेले पूरा तलब पाउने छ कुन ठूलो र कडा रोगलागी बिरामी भै बिदा लिन चाहेमा एक पटकमा २ महीनासम्म तलबी र त्यस पछि ४ महीनासम्म बेतलबी बिरामी बिदा पाउन सक्नेछ ।

(५) निम्न लिखितानुसार विशेष बिदा पाउने छ :–

(क) एक पटकमा १ महीना नबढाई , र

(ख) महालेखा परीक्षकको पदावधि भर ३ महीनामा नबढाइ ।

(ग) यस किसिमको बिदा बसुन्जेल महालेखा परीक्षकले आधा तलब मात्र पाउने छ ।

(६) भै परी आउने बिदा बाहेक अरू बिदाको लागि श्री ५ बाट स्वीकृति लिनु पर्ने छ ।

(७) बसेको बिदाको अवधि भुक्तान नहुँदै काममा बोलाउन वा बिदा बस्नबाट अस्वीकार गर्न श्री ५ बाट सकिबक्सने छ ।

७ कायम मुकायम :– (१) महालेखा परीक्षक घर बिदा वा बिरामी बिदामा बसेमा वा सो पद रिक्त हुन आई अर्को नियुक्ति भै नसकेसम्मलाई श्री ५ बाट तोकिबक्सेको व्यक्ति कायम मुकायम महालेखा परीक्षक हुने छ ।

(२) उप नियम (१) बमोजिम कायम मुकायम हुने व्यक्तिले निज कायम मुकायम रहुन्ज्याल नियम २ बमोजिम पारिश्रमिक पाउने छ ।

तर कायम मुकायम भएको नाताले यी नियमहरू बमोजिमको पेन्सन उपदान वा पारिवारिक पेन्सनमा दावा गर्न पाईन छैन ।

आज्ञाले
रामप्रसाद जोशी
श्री ५ को सरकारका सचिव
अर्थ सचिवालय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।